# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३) काठमाडौं, भदौ १३ गते २०५० साल (अतिरिक्ताङ्क २९

## भाग ३

### न्याय परिषद् सचिवालयको सूचना

न्याय परिषद्को निर्णयानुसार निम्नलिखित जिल्ला अदालतका जिल्ला न्यायाधीशहरूको खराब आचरणको आरोप सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) बमोजिम आवश्यक जाँचबुझ गरी राय सहितको प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री केशवप्रसाद उपाध्यायको अध्यक्षतामा न्याय परिषद् ऐन, २०४७ को दफा ६ बमोजिम एक सदस्यीय जाँचबुझ समिति गठन गरिएको छ।

१. गुल्मी जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री सोमबहादुर कोइराला।
२. सिन्धुली जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री श्यामकिशोर प्रसाद।
३. रामेछाप जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री रामेश्वरमान सिंह अधिकारी।
४. सिराहा जिल्ला अदालतका अतिरिक्त जिल्ला न्यायाधीश श्री रामचन्द्र राई।

आज्ञाले,
इन्दिरा राणा
न्याय परिषद् सचिवालयको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।